आज मिति २०७४ माघ १७ गते, बुधवारका दिन दिउँसो ठिक ४.०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा २३ औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :-

| हस्ताक्षर | | पदाधिकारी |
|---|---|---|
| १. नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य |
| ६. ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | - | सदस्य |
| ७. ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | - | सदस्य |
| १४. दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सदस्य सचिव |

आमन्त्रित :-

| | | |
|---|---|---|
| २१. श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २२. श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २३. श्री गिता तामाङ | - | कम्प्युटर अपरेटर |

प्रस्तावहरु :

१) टिप्परहरुको शुल्क उठाउने सम्बन्धमा ।

२) विविध

१) मिति २०७४/०७/१५ गते भएको कार्यपालिकाको १५औं बोर्ड बैठकबाट दक्षिणकाली, बल्खु गुड्ने सबै टिप्परहरुलाई रु५००/- शुल्क तोकी निर्णय गरेको र सो रकम उठाउन/संकलन गर्न जिल्ला समन्वय समितिले कर उठाउने/संकलन गर्ने व्यक्तिलाई उठेको रकमको १५% पारिश्रमिक दिने भनी गरिएको निर्णय संशोधन गरी राजश्व परामर्श समितिको मिति २०७४/१०/१७ गतेको सिफारिस बमोजिम पेश हुन् आएको स्थानिय टिप्पर व्यवसाय संघमा आवद्ध रहेको टिप्परहरुबाट मासिक रु७५,०००/- र स्थानिय टिप्पर व्यवसाय संघमा आवद्ध नरहेको बाहिरका ठूला प्रति १ टिप्परको रु२००/- र सानो प्रति १ टिप्पर रु१००/- रकम/शुल्क तोक्ने र उक्त शुल्क उठाउन/संकलन गर्नेको लागी वडा नं २, वडा नं ७ र वडा नं ८ लाई जिम्मा दिने । वडा कार्यालयबाट सिफारिस भए बमोजिम रकम संकलन गर्ने व्यक्तिलाई संकलित रकमको १५% पारिश्रमिक दिने ।